# नेपाली शिक्षाका विद्यार्थीको शोधपत्र लेखनसम्बन्धी जीवन्त अनुभव: शैक्षणिक उपयोगिता

**शक्तिराज नेपाल** [a]
[a] महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय
Email: snepal758@gmail.com

*Article Info:*
Received: August 12, 2023
Revised: August 28, 2023
Accepted: September 12, 2023

*विशेष शब्द*: औपचारिक, तार्किक, प्राज्ञिक, फेनोमेनोलोजी, शिक्षण

**अध्ययन सार:** घटनापरक (फेनोमेनोलोजिकल) अध्ययन गरी विद्यार्थीको जीवन्त अनुभवका आधारमा समस्याको अध्ययन गर्नु यस लेखको उद्देश्य हो। स्नातकोत्तर तह चौथो सेमेस्टरका विद्यार्थीको शोधपत्र लेखनसम्बन्धी प्रत्यक्ष अनुभव तथा त्यसको उपयोगिता नै यस लेखको शीर्षक भएकाले ती विद्यार्थीको विशेष अनुभवको अध्ययनमा मात्र यो लेख केन्द्रित छ। अनुसन्धानको गुणात्मक पद्धतिमा आधारित अध्ययन भएकाले विद्यार्थीसँग असंरचित अन्तर्वार्ताको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। जम्मा चारजना विद्यार्थीलाई सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा छनोट गरी उनीहररूले दिएको प्रतिक्रियाको साझा कोड निर्माण गरेर अभिप्राय (थिम) को निर्धारण गरेपछि अवधारणा, अभ्यास र चुनौती तथा उपयोगिता गरी चारओटा शीर्षकका आधारमा तथ्याङ्कको वर्गीकरण गरी विश्लेषण गरिएको छ। कस्तो शोधपत्रको अभ्यास गर्छन र त्यसको लेखनमा कस्तो चुनौतीको सामना गर्छन भन्ने समस्यामा आधारित अध्ययन भएकाले वयस्क सिकाइ सिद्धान्तका आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ। प्राज्ञिक कार्य भएकाले शोधपत्र लेखन अन्य प्रकारको लेखनका बिचको भिन्नता थाहा नपाएको, अन्योल भएर नै लेख्ने गरेको, अभ्यास पनि कक्षामा नहुने भएकाले औपचारिक शिक्षण नपाइएको अभ्यास, तथ्याङ्क सङ्कलन गर्न, शोधनिर्देशक भेट्न तथा लेखेको कुरोलाई अन्तिम रूप दिन साह्रै कठिनाई महशुस भएको जस्ता चुनौतीको सामना गरेको जस्ता उनीहरूले नसोचेको अनुभव पाइएको छ। कक्षा क्रियाकलापका रूपमा नै यस प्रकारको लेखनको अभ्यास गरिनुपर्छ भन्ने सुझावात्मक उपयोगिता रहेको यस लेखमा शोधपत्र लेखनमा विद्यार्थीको विशिष्ट प्रकारको अनुभव रहेको कुरालाई प्रस्तुत् गरिएको छ।

## विषय परिचय

भाषा शिक्षणमा भाषाका चारवटा सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को शिक्षण गरिन्छ । त्यसैले भाषा शिक्षणलाई भाषाका सिपहरूको शिक्षणका रूपमा चिनिन्छ । यसमा भाषाका तिनै चार सिपको विकास गर्ने लक्ष्य राखिन्छ । 'भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सिप प्रमुख हुन्छ (शर्मा र पौडेल, २०६८, पृ.१) ।' बोध र अभिव्यक्तिको विकासका लागि भाषा शिक्षण गरिन्छ । भाषा शिक्षण भनेको अपरिष्कृत भाषामा काम चलाउन सक्ने बनाउनु मात्र कदापि होइन (अधिकारी, २०६७, पृ.१७) । विद्यार्थीको कथ्य तथा लेख्य भाषा जति स्तरीय हुन्छ उति उसका अभिव्यक्तिहरू स्तरीय बन्दछन् । भाषिक सिपमा सबल बनी अब्बल भाषिक व्यवहार प्रदर्शन गर्नसक्नु तथा अभिव्यक्त गर्नसक्नु नै भाषा शिक्षणको उद्देश्य हो । भाषाका सिपहरू मध्ये विकसित र स्तरीय सिपका रूपमा लेखाइ सिपलाई मानिन्छ किनकि यसलाई माथिल्ला कक्षाहरूमा विकास हुने सिपका रुपमा अभ्यास गरिन्छ । 'व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई सम्झनामा राखिराख्न अथवा साँचिराख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखाइले मदत गर्छ (शर्मा र पौडेल, २०६८, पृ.३६७) ।' लेखनकलालाई परिष्कृत र प्रवाहमय शैली दिन लेख्ने बानीको ठुलो हात छ (अधिकारी, २०६७, पृ.१६) । तसर्थ भाषाका हरेक सिपहरू निरन्तर अभ्यासबाट मात्र परिष्कृत बन्न सक्तछन् ।

लेखाइ सिपको अभ्यास माथिल्ला कक्षाका विद्यार्थीहरूले गर्छन् । उच्च तहका विद्यार्थीका लागि लक्षित कार्यकलापलाई लेखन कलाको उत्तरवर्ती कार्यकलाप भन्ने गरिन्छ । उच्च तहका विद्यार्थीले लेख्ने लेखनलाई शैक्षिक वा प्राज्ञिक लेखनकै रूपमा अभ्यास गरिराखिएको पाइन्छ । "माध्यमिक तहदेखि सामान्य सुरुवात गरी उच्च तहका

लागि विशेष किसिमले प्रयोगमा ल्याउन सकिने लेखाइ वा लेखन कलाका कार्यकलापहरूलाई सामान्यतः उत्तरवर्ती कार्यकलाप भन्न सकिन्छ (शर्मा र पौडेल, २०६८, पृ.३८५) ।" अलि बौद्धिक तथा वयस्क सिकारुले अभ्यास गर्ने लेखन अभ्यासका रूपमा लेखन कलाको उत्तरवर्ती चरणका क्रियाकलापलाई लिइन्छ ।

भाषा शिक्षणमा औपचारिक तथा बौद्धिक प्रकृतिका लेखन अभ्यासलाई प्राज्ञिक लेखनको अभ्यासका रूपमा लिइन्छ । भाषा शिक्षणमा प्राज्ञिक प्रकृतिका लेखन भन्नाले मानवीय चिन्तन वा बुद्धिपक्षको प्रयोग भूमिमा आधारित लेखनलाई बुझिन्छ । यस अन्तर्गत 'दर्शन, वैचारिक लेख रचना आदिलाई प्राज्ञिक लेखन भनिन्छ (भण्डारी, २०७७, पृ.४)' । 'यो कुनै खास सिद्धान्त, चिन्तन, विचार, दृष्टिकोणको प्रधानता भएको अभिव्यक्तिसम्बन्धी लेखन हो (लम्साल र खनाल, २०७८, पृ.३५)' । कुनै विषयका विज्ञले प्रस्ताव गरेको वा औपचारिक रूपमा कुनै अनुसन्धेय सामग्री प्रस्तुत गर्दा लेखिएको संरचनालाई प्राज्ञिक लेखनका रूपमा चिनिन्छ ।लेखाइ सिपको पनि उत्तरवर्ती लेखन कार्यकलापमा बौद्धिक, स्तरीय, विशिष्ट तथा प्राज्ञिक गरी विभिन्न प्रकृतिका लेखनको अभ्यासको आवश्यकता पर्दछ । प्राज्ञिक संस्थाबाट यस बौद्धिक वा प्राज्ञिक ढाँचाको लेखनको अभ्यास गरिन्छ। स्नातकोत्तर तहका विद्यार्थीले प्राज्ञिक प्रकृतिको थेसिस वा शोधपत्र लेख्छन। यद्यपि यससम्बन्धी विद्यार्थीको कस्तो अनुभव छ, उनीहरूले थेसिस लेख्दा कस्तो महशुश गर्छन, भन्ने अध्ययन गरिएको पाइदैन । उच्च तहका विद्यार्थीको लेखन क्रियाकलाप सबै प्राज्ञिक लेखनकै वरिपरि हुने तथा प्राज्ञिक उत्कृष्टताका आधारमा नै उनीहरूको मूल्याङ्कन पनि गरिन्छ तथापि गतिविधि प्राज्ञिक प्रकृतिको हुँदा पनि प्राज्ञिक उद्देश्य राखेर उक्त शोधपत्र लेखन सिपको अध्ययन गरिएको पाइँदैन ।

प्राज्ञिक लेखाइ सिपअन्तर्गत शोधपत्र लेखनलाई उच्चस्तरीय तथा माथिल्लो कक्षामा विकास हुने सिपका रूपमा लिइन्छ । लेखन सिपको विकसित तथा विशिष्ट रूप भएकाले यसलाई प्राज्ञिक लेखन पनि भनिएको हो । विश्वविद्यालयलाई शिक्षाको उच्चतम तहका रूपमा लिइन्छ तथा यस तहका विद्यार्थीहरूलाई भाषाका सिपको उच्चतम विकास भएका प्राज्ञिक व्यक्तिका रूपमा लिइन्छ । तसर्थ विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको थेसिस लेखनमा कस्तो अनुभव रहेको छ, उनीहरूको थेसिस वा शोधपत्र लेखन सिपको अभ्यास तथा चुनौती कस्तो रहेको छ भन्ने विषयमा अध्ययन गरिएको छैन। तसर्थ नेपाली शिक्षाका विद्यार्थीको थेसिस लेखनसम्बन्धी अनुभव तथा वर्तमान अभ्यासको विश्लेषण गर्दै उनीहरूले भोगेका चुनौतीको अध्ययन गर्नु नै यस लेखको उद्देश्य रहेका छन्।

विज्ञसँग जोडिएको विषय भएकाले प्राज्ञिक क्षेत्र र यससँग सरोकार राख्ने व्यक्ति, सँस्था, संस्थान तथा महाविद्यालय, विश्वविद्यालय लगायत विज्ञ, शिक्षक र उच्च तहका विद्यार्थीसँग शोधको प्रत्यक्ष सम्बन्ध देखिन्छ। नेपाली शिक्षाका विद्यार्थीको उच्चस्तरीय लेखन सिपको विकास गर्ने उद्देश्य रहने भएकाले उपल्ला तहका विद्यार्थीका लागि यस अध्ययनको पहिलो औचित्य रहेको छ। विद्यार्थीको अनुभवका आधारमा यसको अध्ययन गरिने भएकाले विद्यार्थीको धारणाका आधारमा स्तर, मूल्य तथा सिपको अध्ययन गर्नका लागि पनि यस अध्ययनको औचित्य रहेको देखिन्छ। 'कुनै महत्त्वपूर्ण विचार वा सूचनाको संक्षिप्त प्रस्तुति दिन (ग्रीन र लिड़ीन्स्की, सन् २०१६, पृ.१५२)' तथा लेखाइलाई स्तरीय ढाँचामा प्रस्तुत गर्नका लागि समेत विद्यार्थीले गरेको अभ्यासले यस अध्ययनको औचित्य देखाउने देखिन्छ। समग्रमा विद्यार्थीको सिपको विकसित रूप लेखाइ सिपको उन्नत ढाँचाको अभ्यास गर्नका लागि प्रत्यक्ष महत्त्व रहने भएकाले यस लेखको औचित्य रहेको पुष्टि हुन्छ।

तसर्थ उक्त शोधपत्र लेखनको अध्ययन गरी विश्वविद्यालयका विद्यार्थीमध्ये शिक्षाशास्त्र सङ्कायको नेपाली शिक्षा अध्ययन गर्ने विद्यार्थीको शोधपत्र लेखनमा कस्तो अनुभव छ, त्यससम्बन्धी उनीहरूले के कस्तो अभ्यास गरिरहेका छन् भन्ने बारे विश्लेषण गर्ने काम अहिलेसम्म कसैले पनि गरेको नभेटिएकाले यस लेखमा उक्त रिक्ततालाई पूरा गर्दै नेपाली भाषा शिक्षा अध्ययन गर्ने विद्यार्थीको प्राज्ञिक प्रकृतिको थेसिस लेखनसम्बन्धी भोगेको अनुभव वा विशिष्ट अनुभूतिलाई विश्लेषण गरी शैक्षणिक उपयोगिता खोजिएको छ।

## पूर्वकार्यको समीक्षा

अधिकारी (२०६३) ले भाषा शिक्षणमा नेपाली भाषाको महत्त्वको चर्चा गर्दै लेखनकलामा दक्षता बढाउने उद्देश्य राखेका छन् । त्रिपाठी (२०६६) ले सिर्जनात्मक लेखनको चरण उल्लेख गर्दै लेखनको संरचनालाई प्राज्ञिक वा स्तरीय बनाउने कुरामा जोड गरेका छन् । बन्धु (२०७५) ले अनुसन्धान लेखन र प्रतिवेदन तयारीका लागि सम्बद्ध व्यक्ति तथा संस्थाले अपनाउनुपर्ने लेखन तथा प्रकाशन शैलीको चर्चा गर्दै लेखनको उत्कृष्टता तथा प्राज्ञिकताका लागि ढाँचा प्रस्तुत गरेका छन् । त्यसैगरी भण्डारी(२०७५) ले प्राज्ञिक लेखनलाई बौद्धिक लेखनसँग जोडी यसको एकरूपता

र बौद्धिकतामा जोड दिई ग्रन्थ तयार पारेका छन् । उक्त ग्रन्थमा पाठकको ज्ञान, अनुभव, विषयक्षेत्र, शब्दभण्डार, वाक्य संरचना, अनुच्छेदसंरचना र समग्र सङ्कथनमा बुद्धि वा प्रज्ञाको कसरत हुने प्रकृतिका लेखनलाई प्राज्ञिक लेखन भनिएको छ । लम्साल र खनाल (२०७८) ले प्राज्ञिक लेखनलाई भावनाभन्दा बुद्धिको प्रधानता भएको लेखनका रूपमा चिनाएका छन् ।

अङ्ग्रेजी साहित्य तथा भाषा शिक्षणमा पनि प्राज्ञिक लेखनको प्रयोग पक्षलाई लिएर एकदमै महत्वका साथ अध्ययन भएको पाइन्छ । यद्यपि अङ्ग्रेजी साहित्य तथा प्राज्ञिक लेखनका विज्ञ हार्टली (सन् २००८) ले वैज्ञानिक लेखनमा वस्तुपरकता हुन्छ, प्राज्ञिक लेखनमा पनि वस्तुपरकता हुन्छ, तसर्थ वस्तुगत लेखन नै प्राज्ञिक लेखन हो भन्दै प्राज्ञिक लेखनको परिचय, विशेषता, शब्दावली तथा ढाँचाका बारेमा चर्चा गरेका छन् । बाले (सन् २०१०) ले प्राज्ञिक लेखनका विशेषताको अभ्यास गर्ने आधार प्रदान गर्दै कलेजका विद्यार्थीले प्राज्ञिक लेखनको अभ्यास कसरी गर्नुपर्छ भन्ने नमुना नै प्रस्तुत गरेका छन् । साथै वालवर्क (सन् २०११) ले अनुसन्धानात्मक लेखनको संरचना, योजना, शब्द चयन र विन्यास, वाक्य संरचना, अनुच्छेद रचना, शीर्षक चयन, शीर्षक स्वरूप, शोध सार, परिचय लेखनको संरचना, पूर्वकार्यको संरचना, अध्ययन विधि तथा प्राप्ति, छलफल तथा र निष्कर्ष लेखनको संरचनाका बारेमा चर्चा गर्दै शोध लेखनलाई उच्चस्तरीय लेखनका रूपमा प्रस्तुत गरेका छन्। बुथ र अन्य (सन् २०१६) ले अनुसन्धान, अनुसन्धाता, पाठक तथा शोधपत्र लेखनका बारे प्रश्न सोध्दै अनुसन्धानका लागि शीर्षक चयन, समस्या कथन, समस्या अनुसारको उद्देश्य तथा तार्किक लेखनको संरचनाका बारेमा चर्चा गरेका छन्। त्यसैगरी ग्रिन र लिडिन्स्की (सन् २०१६) ले प्राज्ञिक लेखनको चरणको उल्लेख गर्दै लेखन योजना, खेस्रा लेखन, संशोधित लेखन र साफी लेखनको चर्चा गरेका छन् ।

माथिका पूर्वकार्यहरूको अध्ययन गर्दा शोधपत्र लेखनमा अल्पतः अध्ययन तथा कार्य भएका पाइन्छन् । यसको सैद्धान्तिक पक्षलाई चर्चा गरिएअनुसार शोधपत्र लेखनमा बौद्धिक अभ्यास हुने, वस्तुपरता पाइने, औपचारिकता हुने जस्ता निष्कर्ष निकालेको पाइएको तर विद्यार्थीको जीवन्त अनुभव तथा वर्तमान अभ्याससम्बन्धी दृष्टिकोणको अध्ययन गरेको नपाइएकाले उक्त रिक्तता पूरा गर्दै यस लेखमा नेपाली शिक्षा विषयका विद्यार्थीको शोधपत्र लेखन सिपसम्बन्धी रहेको अनुभव तथा वर्तमान अभ्याससम्बन्धी अध्ययन गर्ने ढाँचा बनाउन ती सबै कार्यहरू उपयोगी रहेका छन् ।

## सैद्धान्तिक अवधारणा

यस लेखमा शोधपत्र लेखनको मान्यता तथा वयस्क सिकाइ सिद्धान्तलाई सैद्धान्तिक अवधारणाका रूपमा अपनाइएको छ ।

### *शोधपत्र लेखनको सैद्धान्तिक पक्ष*

शोध शब्द नेपाली अनुसन्धानमा प्रचलित शब्द हो। संस्कृतको 'शुध' धातुमा कृत प्रत्यय ' घञ' (अ) प्रत्यय लागेर शोध शब्द बनेको हो (त्रिपाठी, २०६६,पृ.९९) । यस शब्दको अर्थ स्वच्छता, निर्मलता, शुद्धता, शुद्धि वा संस्कार हो। तसर्थ शोध भन्नाले त्यस्तो कार्यलाई जनाइन्छ, जसले शुद्धता प्रदान गर्दछ। यस शब्दलाई विभिन्न समानार्थी शब्दका रूपमा प्रयोग गरिन्छ। गवेषण, अन्वेषण, आविष्कार, अनुसन्धान जस्ता शब्दहरू शोधकै समानार्थी शब्दका रूपमा प्रयुक्त छन। यी सबै शब्दले शोधकै नजिकको अर्थ वहन गरेको पाइन्छ (त्रिपाठी, २०६६,पृ.६९)। यी प्रस्तुत शब्दमध्ये खोज तथा अनुसन्धानका क्षेत्रमा बहुप्रचलित शब्दहरू भनेका शोध र अनुसन्धान नै हुन्। अनुसन्धान शब्द पनि अनु र सन्धान मिलेर बनेको शब्द हो, जसको अर्थ हुन्छ कुनै समस्या वा विषयको पछि लागेर वा त्यसमा केन्द्रित भएर राम्ररी खोजी गर्नु वा पत्ता लाउनु (शर्मा र लुइटेल, २०६८,पृ.१)। यसरी यसको अर्थ कुनै विषय वा तर्कको खँदिलो प्रस्तुतिसँग नजिक छ। तसर्थ शोधकार्य पनि कुनै तथ्यको परिमार्जन वा परिष्कार हो भन्ने कुरा स्पष्ट हुन्छ (बन्धु, २०७५, पृ.१) । तथ्य वा प्रमाणका आधारमा कुनै विषयको पुनर्लेखन वा पुनर्खोजलाई अनुसन्धान वा शोध भन्न सकिन्छ।

कुनै प्राज्ञिक समस्याको समाधानार्थ अपनाइने व्यवस्थित प्रयासका रूपमा शोधलाई लिइन्छ । यसलाई शोधपत्र वा शोधप्रबन्ध तथा अङग्रेजीमा रिसर्चका रूपमा प्रयोग गरिए तापनि यसको सम्बन्ध उच्च तहका विद्यार्थीसँग रहन्छ। उक्त शब्दले उच्च तह तथा विश्वविद्यालयसम्बन्धी वा विज्ञसम्बन्धी भन्ने अर्थ जनाउँछ। यस तहमा लेखिने

शोधपत्रमा औपचारिकता तथा वस्तुपरकता जस्ता प्रवृत्ति पाइन्छन् । साथै एकरूपता, विशिष्ट शब्दावली र विशिष्ट शब्द चयन, तार्किकता, संसक्तता आदि सैद्धान्तिक पक्षमा आधारित भएर नै यस लेखको निर्माण गरिएको छ । यस सन्दर्भमा हफ (सन् १९९९) ले प्राज्ञिक तथा शैक्षिक लेखनमा हुनुपर्ने लेखन शैलीका बारेमा चर्चा गरेका छन् । उनले एउटा असल लेखकले लेखनका विविध गुणहरूमध्ये छोटा वाक्यको प्रयोग गर्नुपर्ने, सामान्यतः वर्तमानकालिक क्रियाको प्रयोग गर्नुपर्ने, कर्तृवाच्यका क्रियाको प्रयोग गर्नुपर्ने, शब्दहरूको न्यून पुनरावृत्ति हुनुपर्ने, एउटा सुन्दर लेख बन्नका लागि माथि प्रस्तुत गरिएका कुराहरू रहनुपर्छ भन्दै लेखनको ढाँचा तथा भाषिक पक्षमा जोड दिएका छन् । बाले (सन् २००३) ले लेखनका प्रक्रिया, लेखनको पृष्ठभूमि, सारांश तथा भावार्थ लेखनको ढाँचा, अनुच्छेद लेखनको ढाँचा तथा प्रयोग र लेखनको स्वरूप, सङ्गठन, पुनर्लेखन, पुनर्सङ्गठन, अन्तरसम्बद्धता, सन्दर्भ तथा शैलीको प्रयोग, चित्र तथा तालिका प्रयोगको तरिका, लेख संरचना, एकरूपता, व्याख्या, विश्लेषणको ढाँचा, लेख्य चिह्न तथा सङ्केत आदिका बारेमा चर्चा गरी विद्यार्थीहरूलाई प्राज्ञिक लेखनको अभ्यास गर्ने आधार तयार गरिदिएका छन् । नेपाली भाषा शिक्षामा प्राज्ञिक अनुसन्धान गर्दा निश्चित प्रक्रिया अपनाइन्छ। त्यस प्रक्रियालाई शोधपत्र लेखनको चरणका रूपमा पनि प्रस्तुत गर्ने गरिएको पाइन्छ : समस्याको चरण, शोधप्रस्तावको चरण, सामग्री सङ्कलनको चरण, सामग्री विश्लेषणको चरण, निष्कर्षको चरण र प्रतिवेदन लेखनको चरण। तसर्थ स्नातकोत्तरका विद्यार्थीहरू सिकाइको स्नातकोत्तर कार्यक्रममा भर्ना हुन्छन, उनीहरूको विशिष्ट अध्ययन क्षेत्रमा अध्ययन गर्नका लागि होइन, तर उनीहरूलाई स्वाध्ययन तथा सीमित समयका बिचमा पूरा गर्नुपर्ने कामको परियोजना थमाइन्छ (बिगम, सन् २००८,पृ.१)। तसर्थ शोधपत्रलाई सम्बन्धित विभाग वा निकायको संरचनाका आधारमा तयार पारिने व्यवस्थित प्राज्ञिक प्रक्रियाका रूपमा लिइन्छ।

***वयस्क सिकाइ सिद्धान्त***

वयस्कले कसरी सिक्छन्, बालबालिका र वयस्कको सिकाइका बिचमा के अन्तर हुन्छ भन्ने कुराको अध्ययन एन्ड्रागोजीमा गरिन्छ (माल्कोल्म, सन् १९८०) । वयस्क सिकारु परनिर्भरतर्फ ढल्किरहेको सिकारु हो, उसले आफ्नो सिकाइको गति आफैँ तय गर्न सक्छ । आफ्नो धारणा आफैँ बनाउन सक्ने स्वतन्त्र र भूमिका निभाउन सक्ने आत्मविश्वासी बन्ने भएकाले यिनीहरू बालबालिकाभन्दा फरक र अलि क्षमतावान् हुन्छन् । आफ्नो स्वगतिमा सिक्न र निर्णय गर्नसक्ने व्यक्ति भएकाले उनीहरूलाई परिपक्व सिकारुका रूपमा हेरिन्छ । उनीहरू समस्याकेन्द्रित भए तापनि आफ्नो समस्या समाधानमा नयाँ नयाँ ज्ञानको प्रयोग चाहन्छन् (माल्कोल्म, सन् १९८०) । आफ्नो नतिजाको व्याख्या पनि उनीहरू आफैँ गर्न सक्दछन् ।


वयस्क सिकारु आफैँद्वारा निर्देशित हुन्छन् । "साधारणतः ७० प्रतिशत वयस्कहरू आत्मनिर्देशित हुन्छन् (क्रस, सन् १९८१) ।" तथा "लगभग ९० प्रतिशत वयस्कहरू एक वर्षमा आत्म सिकाइमा केन्द्रित परियोजना पूरा गर्न सक्छन् (टफ, सन् १९७१) ।" तसर्थ आत्मकेन्द्रित सिकाइ सिकाइकै एउटा प्रक्रिया हो, जसमा सिकारुले अरूको सहयोगविना नै आफ्नो सिकाइको सुरुवात गर्न सक्छ । "यस प्रकारको सिकाइलाई वयस्कको अनौपचारिक सिकाइ प्रक्रिया पनि भन्ने गरिएको पाइन्छ (नलेस, सन् १९७५) ।"एक अर्कासँग सहकार्य गर्न पनि सक्ने तथा समन्वयका आधारमा सिक्न सक्ने उमेर भएकाले पनि वयस्क उमेरका व्यक्तिहरू एक्लै वा समूह दुवै तरिकाबाट आफूलाई समायोजन गर्न सक्छन् ।

***शोधपत्र  लेखन र वयस्क सिकाइ सिद्धान्तको सार***

स्नातकोत्तर तह भनेको उच्च तहको शैक्षिक तह हो । उक्त तहका विद्यार्थीहरू वयस्क नै हुन्छन् । उनीहरूको सिकाइ पनि स्वतन्त्र तथा आत्मकेन्द्रित प्रकृतिको हुने भएकाले यस लेखमा वयस्क विद्यार्थी र उनीहरूको शोधपत्र  लेखन सिपका बिचको सम्बन्धका आधारमा अध्ययन तथा विश्लेषणको आधार बनाइएको छ ।

**अवधारणात्मक ढाँचा**

माथिका पूर्वकार्य तथा सैद्धान्तिक पक्षको समीक्षाका आधारमा यस लेखमा निम्नानुसारको अवधारणात्मक ढाँचाको निर्माण गरी तथ्याङ्कको अध्ययन तथा विश्लेषण गरिएको छ :




**अध्ययन विधि**

प्रस्तुत अध्ययनका लागि वर्णनात्मक प्रतिमान वा वर्णनवादी दर्शनको  आधार (इन्टरप्रेटिभिज्म प्याराडाइम) अन्तर्गत गुणात्मक पद्धतिलाई अपनाइएको छ भने फेनोमेनोलोजिकल ढाँचामा आधारित अन्तर्वार्ता विधिको उपयोग गरिएको छ। स्नातकोत्तर तह चौथो सेमेस्टरमा  अध्ययन गर्ने जम्मा चारजना नेपाली शिक्षाका विद्यार्थीलाई सोद्देश्यमुलक नमुना छनौट पद्धतिका आधारमा छनौट गरी  तथ्याङ्क सङ्कलन गरिएको छ ।

आफैंले अध्यापन गर्ने भएकाले स्नातकोत्तर तहका विद्यार्थीसँग मेरो निकटता थियो। आफू पनि क्याम्पसमा आबद्ध  रहेकाले त्यहाँका विद्यार्थीसँग सामिप्य रहनु स्वाभाविक पनि हो। विद्यार्थीको सिकाइमा सहजीकरण गर्नका लागि मेरो सधैं सक्रियता रहन्थ्यो। विद्यार्थीको गतिविधिलाई अर्थपूर्ण बनाउनमा मेरो आफ्नै पनि चासो रहन्थ्यो ।

सेमेस्टर प्रणालीले स्नातकोत्तरमा विद्यार्थीको सिपकेन्द्रित कार्यकलापको अपेक्षा राखेकाले विद्यार्थीका हरेक गतिविधिमा जानकार रहनु मेरो कर्तव्य पनि रहने गर्दथ्यो। सेमेस्टर पहिलो सत्रदेखि विद्यार्थीले गर्ने लिखित गतिविधिलाई मैले मिहिन रूपमा अध्ययन गरिरहेको थिएँ। विद्यार्थीको लेखन स्तरीय वा पाठ्यक्रमले अपेक्षा गरेअनुसार प्राज्ञिक लेखनको अभ्यास विद्यार्थीले गर्नुपर्छ भन्ने आशयमा म प्रस्ट थिएँ। त्यसैले विद्यार्थीको प्राज्ञिक कर्मप्रतिको धारणाको अध्ययन गर्ने सोंचमा पुगें। प्राज्ञिक लेखन मध्ये थेसिस जस्ता लेखनका क्रममा रहेको उनीहरूको वास्तविक अनुभवलाई सिकाइको प्रतिबिम्बका रूपमा लिई प्राज्ञिक लेखनका ढांचासँग सम्बन्धित प्रथम सेमेस्टरदेखि चौथो सेमेस्टरसम्म आइपुग्दा भोगेका वास्तविक अनुभवलाई लिएर प्राज्ञिक लेखनको अध्ययन गर्ने निर्णय गरें र क्याम्पसका चौथो सेमेस्टरका चार जना विद्यार्थीलाई छानेर प्राज्ञिक शोधलेखनसँग सम्बन्धी बुझाई, अभ्यास, चुनौती तथा समस्या र शैक्षणिक उपयोगिताका बारेमा सुरुमा प्रस्ट भैसकेपछि लेखनलाई व्यवस्थित बनाउने कलाका रूपमा यस लेखनलाई लिई विद्यार्थीको अनुभव सङ्कलन गर्ने निर्णय गरें।

यस अध्ययनमा सहभागीको वास्तविक अनुभवलाई साटासाट गर्ने वातावरणमा जोड गरियो (क्रस्वेल, सन् २००७) । तसर्थ असंरचित अन्तर्वार्तामा आधारित विद्यार्थीले दिएको प्रतिक्रियामा मैले शोधपत्र लेखनमा उनीहरूको अनुभव के छ, कस्तो अभ्यास गर्दैछन भन्ने कुरामा जोड गरी फेनोमेनोलोजी वा परिस्थितिजन्य अध्ययनलाई नै जोड दिएको छु। विद्यार्थीले मौखिक रूपमा दिएका प्रतिक्रियालाई उतार गर्ने, फेरि श्रब्य सामग्री सुनेर त्यसलाई अन्तिम रूप दिएपछि साफी उतार गर्ने र गुणात्मक अनुसन्धान भएकाले यसले निर्देश गर्ने तथ्याङ्कको कोड निर्माण गर्ने, जसलाई सैद्धान्तिक ढाँचाका आधारमा थिममा जोड्ने र थिमेटिक शीर्षक बनाई विश्लेषण गर्ने आधार तयार गर्ने (ब्राउन र क्लार्क, सन् २००६,पृ.४) काम गरियो। तसर्थ विद्यार्थीले दिएको उक्त अन्तर्वार्ता नै यस अध्ययनको प्राथमिक सामग्री बनेको छ भने विभिन्न ग्रन्थ, लेख, शोध जस्ता सामग्रीहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। विद्यार्थीका प्रतिक्रियालाई प्रस्तुत गर्दा नाम परिवर्तन गरिएको छ. यसरी सङ्कलित सामग्रीको सूचकका आधारमा समूहीकृत गरी साझा कोडको निर्माण गरिएको छ, उक्त कोडहरूको प्रतिनिधित्व गर्ने साझा अभिप्रायको निर्माण गरी थिमेटिक शीर्षक र वयस्क सिकाइ सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ। समग्रमा थिमेटिक निष्कर्षको पनि सार निकाली अन्तिम निष्कर्ष निकालिएको छ।

## परिणाम तथा छलफल

प्रस्तुत लेखमा स्नातकोत्तर तह, नेपाली शिक्षा, चौथो सेमेस्टरमा अध्ययन गर्ने विद्यार्थीले अन्तर्वार्तामा दिएका प्रतिक्रियाको थिमलाई वयस्क सिकाइ सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ। विद्यार्थीको प्रत्यक्ष अनुभवमा आधारित तथ्याङ्क भएकाले उक्त तथ्याङ्कको थिमेटिक शीर्षकलाई प्रस्तुत गरी क्रमसँग अध्ययन गरिएको छ।

### *शोधपत्र लेखनको अवधारणागत बुझाइ*

अन्य लेखनको प्रकृतिभन्दा भिन्न प्रकृतिको लेखनका रूपमा शोधपत्र लेखनलाई चिनिन्छ। यस प्रकारको लेखनका लागि विभिन्न खालका लेखन सिपको आवश्यकता पर्दछ : समय व्यवस्थापन सिप, लेखन सङ्गठन सिप, आत्मअनुशासन सिप, सञ्चार सिप, सुनाइ सिप, प्रस्तुतीकरणको सिप, सामाजिक सम्पर्क/सम्बन्धको सिप, प्राविधिक सिप, आत्मनिर्भर सिकारु बन्ने सिप (बिगम, सन् २००८, पृ. पृ. ७-८) । तसर्थ स्नातकोत्तर तहको चौथो सेमेस्टरका विद्यार्थीको शोधपत्रको लेखनमा विभिन्न खालका अनुभव पाइएका छन् । चारजना विद्यार्थीलाई सूचक नम्बर १,२,३,४ गर्दै नम्बर निर्धारण गरी उनीहरूले दिएका प्रतिक्रियाको थिमका आधारमा यहाँ विश्लेषण गरिएको छ।

शोधपत्रको प्रारम्भिक बुझाइका बारेमा सोद्धा उनीहरूले एक प्रक्रियासम्मत लेखाइ हो तर कस्तो लेखन प्रक्रियासम्मत हुन्छ भन्नेमा खासै प्रष्ट नभएको कुरो गरे। साथै शोधपत्र लेखनका लागि कक्षामा सैद्धान्तिक कुरो गरियो, छलफल पनि गरियो तर कसरी लेख्ने भन्ने अभ्यस्त कक्षामा गरिएन। यसको खास लेखन तरिका कस्तो हुन्छ, कस्तो लेख्दा शोधको लेखाइ हुन्छ, खासमा हामीले लेखिरहेको सामान्य घरायसी लेखन, परीक्षाको उत्तर लेखाइ र यसको लेखाइमा फरक होला भन्ने त बुझियो तर केकेमा फरक छ भन्ने बुझिएन, भन्ने धारणा राखे। उनीहरूमध्ये एकजनाको प्रतिक्रियालाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ।

> अब त डिग्री सकियो, खै एउटा पेपर लेखेपछि सकिन्छ भन्ने बुझेको हुँ, त्यै पेपर नै थेसिस वा शोधपत्र हो जस्तो लाग्छ। हामीले स्कुलमा लेखिरहने प्रतिवेदन लेखाइ, निबन्ध लेखाइ वा अन्य लेखनका बिचमा

फरक हुनुपर्ने हो, तर यसमा कस्तो भाषा लेखिन्छ, सुरु कसरी हुन्छ, अन्त्य कसरी हुन्छ, प्रष्ट नभाको कारणले अलि अलमलमा परिएको छ ।

(सूचक नम्बर २, साम्भवी)

माथि प्रस्तुत तथ्याङ्कमा चार जना सूचकले शोधपत्रको प्रारम्भिक बुझाइको थिममा दिएको प्रतिक्रियालाई प्रतिनिधिमूलक ढङ्गले उल्लेख गरिएको छ। उक्त थिमेटिक तथ्यअनुसार विद्यार्थीहरू शोधपत्र लेखनको प्रारम्भिक अर्थ तथा अवधारणामा प्रष्ट नभएका कारण अलमल भैरहेको पाइयो। शोधपत्र लेख्नु अघि यसको क्षेत्र, विषय, समस्या, शीर्षक, उद्देश्य, पूर्वकार्यहरू आदिको जानकारी हुनुपर्छ। वयस्क सिकाइ सिद्धान्तअनुसार उनीहरू आफैं सिक्न सक्ने, आत्मनिर्भरसहित सिक्न सक्ने सिकारु भएकाले थेसिस लेखन अभ्यास गरेको अवस्था देखिन्छ । माथि सूचकले दिएको प्रतिक्रियाअनुसार थेसिस वा शोधपत्र लेखन भनेको लेखनको सामान्य एउटा प्रक्रिया मात्रै हो, यसलाई पास र फेल छुट्टयाउनका लागि निर्धारण गरिन्छ, सामान्य घटनापरक प्रतिवेदन र थेसिस वा शोध एकै खालको हो भन्ने बुझाइ रहेको पाइयो। परीक्षामा लेखिने उत्तरमा लेखिने लेखाइ र थेसिसका बिचमा खासै अन्तर नरहेको बुझाइ रहेको पाइयो। यसलाई यसो एक दुइओटा सामग्री हेर्ने र लेखेर बुझाइदिने सामग्रीका रूपमा लिने गरिएको पाइयो। वयस्क सिकाइअनुसार हेर्ने हो भने यो बुझाइ उनीहरूको आत्मनिर्णयको क्षमता पनि हो।

सूचकको धारणा र अनुभवअनुसार थेसिस लेखन र प्राज्ञिक लेखनका बीच कहीं न कहीं सम्बन्ध रहेको पाइन्छ। उक्त प्रतिक्रियानुसार कलेज तथा त्यस्तै संस्था नै प्राज्ञिक संस्था हुन्। ती संस्थामा हुने लिखित कार्य नै प्राज्ञिक कार्य वा लेखन हुन्। थेसिस पनि प्राज्ञिक लेखन हो। यसको भाषामा वस्तुपरकता र स्तरीयता पाइन्छ। यस्तो लेखनलाई संस्थागत लेखन पनि भन्ने गरिन्छ, भन्ने जस्ता प्रतिक्रिया पाइए। उनीहरूको बुझाइमा थेसिस लेखन पनि प्राज्ञिक लेखन भएको र यसको अभ्यास एकदमै कम भएकाले अहिले थेसिस वा शोधपत्र लेखन गाह्रो भैरहेको छ। थेसिस लेख्दा गर्नुपर्ने कामका बारेमा पहिल्यै अभ्यास नभएको, कक्षामा थेसिस लेखन अभ्यास नभएका कारण यो कार्य जटिल कार्य बनेको बुझिएको छ। यससम्बन्धी प्रतिनिधिमूलक प्रतिक्रियालाई यहाँ प्रस्तुत गरिएको छः

कक्षामा छलफल नगरिकन एक्कासी शोधप्रस्ताव लेख्नुपर्ने भयो । सुरुमा त आत्तिगइयो, यो कस्तो हुन्छ, कसरी लेख्ने भन्ने बारे कम्तिमा छलफल नगरी, नमुना नहेरी एक्कासी लेख्दा जटिल महशुस भएको तथापि साथीभाई, अग्रज, शिक्षकसँग बाहिरी कुराकानी र अनलाइनमा खोज्दा पढ्दा भने बल्ल बुझ्न थालिएको र यसले अब आफ्नु लेखाइमा सहयोग पुर्याउन थालेको पनि प्रतिक्रिया पनि पाइयो ।

(सूचक नम्बर ३, सिकन्दर)

यस तथ्यअनुसार हेर्दा स्नातकोत्तर तहका विद्यार्थीको शोध लेखनसम्बन्धी अनुभवमा अन्यौल रहेको पाइयो । वयस्क सिकाइअनुसार हेर्ने हो भने स्नातकोत्तर तहका विद्यार्थी आफैं कुनै काम गर्न थाल्न सक्ने उमेर पनि हो, त्यो थालनी यहाँ गरेका छन। साथमा योजनाबद्ध लेखन हुनुपर्नेमा एक्कासी शोधप्रस्ताव लेख्नुपर्ने, आधारभूत जानकारी पनि प्रायोगिक रूपमा नलिइकन लेख्न थाल्नुपर्ने अवस्थाले अस्तव्यस्त लेखाइको अभ्यासका रूपमा अनुभव गरेको पाइयो । उक्त अवस्था वयस्क सिकारुको अन्योलताको अवस्था हो तर उनीहरू आफैं सिक्न चाहन्छन भन्ने मान्यता यहाँ पनि लागु भएको छ। त्यसैगरी साथीभाइ, विज्ञ तथा शिक्षक र अनलाइनको सहयोगमा अलिअलि लेख्न थाल्नु भनेको शोधलेखनका लागि समन्वयात्मक लेखनको अभ्यास गर्नु हो । तसर्थ शोधलेखनका लागि योजनाबद्ध अभ्यास हुनुपर्ने कुरा प्रस्ट हुन्छ, जुन कुरा प्राज्ञिक लेखनको एक विशेषता पनि हो ।

### *क्याम्पसमा हुने शोधपत्र लेखनका गतिविधि*

शोधपत्र लेखनलाई प्राज्ञिक लेखनकै एक स्वरूपका रूपमा अभ्यास गरिन्छ। स्नातकोत्तर तहको एक अनिवार्य र व्यवस्थित लेखनका रूपमा यसलाई लिइन्छ। क्याम्पसमा यसको औपचारिक अभ्यास गरिन्छ। यसमा प्राध्यापक तथा विद्यार्थी सहभागी हुन्छन। यस अध्ययनका सूचकले पनि शोधपत्रको अभ्यासमा सहभागी हुँदाको अनुभवलाई बताए। पहिलो सेमेस्टरदेखि नै विभिन्न लिखित कामहरू गर्दै आएको, लेख्दै तथा पृष्ठपोषण लिंदै र दिंदै पनि आएको, भाषिक अनुसन्धान विधिको सैद्धान्तिक कक्षा तेस्रो सेमेस्टरमा अध्यापन भएको र यसको लेखन चौथो सेमेस्टरमा हुँदा यसको मेसो समाउँदा नौलो अनुभव भएको बताए। यससम्बन्धी एकजना सूचकको प्रतिक्रियालाई प्रतिनिधिमूलक रूपले यहाँ प्रस्तुत गरिएको छ।

यो शोधपत्र लेखन भनेर पहिले बीएडमा पनि गरिएको हो। अहिले शोध प्रस्ताव लेख्ने, त्यसमा भाइभा गर्ने, त्यसको ढाँचाको अभ्यास त गरिन्छ। शोधप्रस्तावको अङ्गका बारेमा तेस्रो सेमेस्टरमा पनि परीक्षामा अनिवार्य

> प्रश्न भनेर अलि ध्यान दिएर पढियो। सरले पनि परीक्षाका लागि भनेर अनिवार्य भनेका आधारमा तयारी गरियो तर यथार्थमा यसको संरचना तथा ढाँचाका बारेमा विष्तृतमा अभ्यास भने अब गर्नुपर्ला भन्ने लागिरहेको छ। (सूचक नम्बर १, सृजना )

माथिको तथ्यनुसार क्याम्पसमा शोधपत्र लेखनको अभ्यासका सन्दर्भमा चर्चा गर्दा सैद्धान्तिक कुराका रूपमा बीएडदेखि नै पठनपाठन गरिए तापनि यसको प्रयोगात्मक कार्य नभएकाले वास्तविक अभ्यास गर्न गाह्रो भएको पाइयो । शोधपत्रको लेखन अभ्यास वा ढाँचा निर्माणको अभ्यास कक्षामा गरिएको भए त्यस्तो अप्ठ्यारो र अन्यौलता हुँदैन्थ्यो तर कक्षामा परीक्षाउन्मुख मात्र भएर पढ्दा यससम्बन्धी प्राविधिक ज्ञानमा पछि परेको अनुभव रहेको पाइयो । परीक्षाका लागि मात्र भनेर ढाँचा तथा लेखनको अभ्यास गरिएको तर अनुसन्धान नै गरेर तथा बौद्धिक मन्थन गरेर आफैँले छानेको समस्यामा अनुसन्धान गर्ने कुरा सजिलो चाहिँ नभएको निष्कर्ष सहभागीले निकालेको पाइयो । उक्त अवस्था भनेको वयस्क सिकारुका लागि आत्मकेन्द्रित सिकाइको अवस्था हो किनकि व्यवस्थित र औपचारिक तथा प्रौढ प्रकृतिको लेखनको अभ्यास रहेछ भन्ने कुरा सोधखोज गर्दा मात्र थाहा पाएको बुझिन्छ । यससम्बन्धी चलनमा रहेको संरचना तथा प्रारुपका बारेमा कतै छलफल नगरी, अन्तरक्रियामा भाग नलिई, सेमिनारहरूमा भाग नलिई विद्यार्थीले एकैचोटी शोधपत्र लेख्दा पौडिन नजान्ने मान्छेलाई महासागरमा ठेलिदिएको अनुभव गरेको पाइयो । क्याम्पसमा हुने सबै लेखनका गतिविधिहरू परीक्षामा पास हुनलाई मात्र जोड गरिएकाले यससम्बन्धी अनुभव कच्चा रहेको पाइयो ।

***शोधपत्र लेखनमा भोगेका समस्या तथा चुनौती***

शोधपत्र लेखन आफैंमा चुनौतीपूर्ण कार्य हो । यस अन्तर्गत शोधको क्षेत्र छानेदेखि अन्तिम वाक् परीक्षासम्म अपनाइने सबै कुरा समेटिने भएकाले तथा वैज्ञानिक प्रक्रिया अपनाइने भएकाले यसलाई विशिष्ट वा प्राज्ञिक लेखन भनिएको हो । यस अध्ययनमा सूचकहरूले आफ्नो शोधपत्र लेख्ने क्रममा भोगेका समस्या तथा चुनौती भनेको शोधमा देखा परेको चुनौती हो । तसर्थ ती चारजना सूचकले दिएको प्रतिक्रियाको साझा कोड तथा थिमका आधारमा सङ्कलित तथ्यको विश्लेषण गरिएको छ ।

शोधपत्र लेखनको सुरुवात यसको क्षेत्र निर्धारण र शीर्षक छनोट गरेदेखि सुरु हुन्छ । तसर्थ यसलाई योजनाबद्ध लेखनको राम्रो अभ्यासका रूपमा लिइन्छ । जसका लागि यहाँ एकजना सूचकले दिएको प्रतिक्रियालाई प्रतिनिधिमूलक रूपमा प्रस्तुत गरी उक्त प्रतिक्रियाको विश्लेषण गरिएको छ ।

> अगाडिका अध्ययन गर्नेहरूसँगको चियागफमा कुरो हुँदा यो कार्य अलि बौद्धिक खालको कार्य हो भन्ने बुझियो । मैले पनि बल्लबल्ल डिग्री पढेको थेसिस त जसरी पनि लेख्नै पर्छ भन्ने सोच बनाएको थिएँ । यसो हेर्दा र सुन्दा त्यति अप्ठेरो र विशिष्ट कार्य हो जस्तो लागेको थिएन । चौथो सेमेस्टरको भाषिक सम्पादनको कक्षाले झन् लेखन तथा अनुच्छेद संरचनाको अभ्यास गर्दा सहज हुन्छ जस्तो लागेको थियो तर यसमा शीर्षक बनाउनदेखि नै समस्या हुँदोरहेछ । अरुका सँग मिल्छ भन्ने ठुलो चुनौती हुँदोरहेछ । शीर्षक फाइनल गर्नमा नै धेरै समय लाग्दा यसको यात्रा सहज हुन्छ भन्ने लाग्न छाड्यो । बल्ल शीर्षक छानिसकेपछि त्यसको विषयपरिचय लेख्न चुनौती देखापर्यो किनकि क्याम्पसले १५ दिन समय दिएको थियो । आफैँ सरासर लेखेरमात्र पनि नहुँने त्यसमा सन्दर्भ खुलाउनैपर्ने चुनौतीले सामग्रीको स्रोत जुटाउने ठुलो चुनौती देखा पार्यो । बल्ल प्रस्ताव लेखिसकेँ तर सरले त्यसलाई पूरै काटिदिनुभयो अब समय एकदमै छोटो छ सरले काटिदिएका कारण फेरि लेखेर बुझाउने अर्को चुनौती देखा पर्यो । भन्नेबित्तिकै सरलाई भेट्न नसकिने र भेटिगए पनि प्रिन्ट गरेको सामग्री माग्ने भएकाले यो प्रस्ताव लेखनमा नै मैले धेरै चुनौती सामना गर्नुपर्यो । प्रस्ताव बुझाएँ फेरि सरले भाइभाका लागि स्लाइड बनाउनु भन्ने आदेश दिनुभयो, आफूलाई कम्प्युटर चलाउन आउँदैन, कसलाई बनाइमाग्नु भन्ने कुराले एकदमै पिरोल्यो तर समस्या समाधान भयो र प्रस्ताव भाइभामा बस्न तयार भएँ ।
>
> (सूचक नम्बर २, विनोश)

माथिको प्रतिनिधि तथ्याङ्कको अध्ययन गर्दा वयस्क सिकारुको प्रस्ट लक्षण देखिएको छ । वयस्क सिकारु आफैँ सङ्घर्ष गर्ने, चुनौतीको सामना आफैँ गर्ने तथा आफ्नो समस्याको समाधान गर्न आफैँ प्रयास गर्ने खालको हुन्छ । यस तथ्याङ्कमा सूचकले भनेका कुरामा पनि आफ्नो एक्लो प्रयासले शोधप्रस्तावना तयार गर्न सफल भएको देखिन्छ । निबन्ध लेखनजस्तो एकचोटीको प्रयासले नै शोधकार्य सम्पन्न हुन सक्दैन रहेछ भन्ने कुरा तथ्याङ्कले नै बताएको छ । यसका लागि शिक्षक तथा विद्यार्थी दुवै जिम्मेवार रहन्छन् भन्ने कुरालाई माथि प्रस्तुत शिक्षकले प्रस्तावनाको पहिलो खेस्रा काटिदिएको प्रसङ्गले पुष्टि गरेको छ । साथै शोधकार्य आफैँमा बौद्धिक कार्य पनि भएकाले यसमा बुद्धि तथा

विवेकको महत्त्वपूर्ण हात रहने कुरा प्रस्ट देखिन्छ । शीर्षक चयनदेखि नै चुनौती देखापरेको तथा सन्दर्भ नखुलाई लेखेको सामग्री शोधमा स्वीकृत हुँदैन भन्ने तथ्यले प्राज्ञिक लेखनमा सन्दर्भाङ्कन अनिवार्य हुन्छ भन्ने कुरालाई पुष्टि गरेको छ । वयस्क सिकारुहरू आफ्नो लक्ष्यमा प्रतिबद्ध हुन्छन् भन्ने मान्यताअनुरूप यस तथ्याङ्कमा पनि सूचकले आफ्नो थेसिसलाई जीवनको परिचयसँग जोडिएकाले जसरी पनि लेख्नैपर्छ भन्ने अठोट लिएको देखिन्छ । भाइभा दिनु पनि शोधार्थीका लागि चुनौती बनेको तथा आफ्नो प्रयासले समयमा तयारी गर्न सकेको कुरा पनि प्रस्तुत हुनु वयस्क सिकाइको आत्मकेन्द्रित  सिकाइमा चुनौती हुन्छ भन्ने कुरासँग जोडिनु हो ।

शोधपत्र लेखनको थालनी गर्दा विभिन्न खालका चुनौती देखिन्छन् । प्रस्तावना भाइभा भइसकेपछि आधिकारिक रूपमा शीर्षक दर्ता हुने भएकाले त्यसपछि शोधकार्य अगाडि बढ्छ । यससम्बन्धी चुनौतीलाई पनि थिमेटिक रूपमा निम्नानुसार तथ्याङ्कको थिम प्रस्तुत गरिएको छ :

> शोधपत्र लेख्न थाल्नुअघि यसका लागि सामग्री सङ्कलन गर्ने चुनौती बढी रहेको छ । सामग्री लिन कहाँ जाने, कसलाई भेट्ने, कसरी भेट्ने, केके सामग्री ल्याउने, कसलाई भनेर सूचक भेट्ने, समय पाइएन भने के गर्ने, कति सामग्री ल्याउने, ल्याएर कसरी राख्ने, कसरी छान्ने, कसरी विश्लेषण गर्ने आदि चुनौतीको चाङ्ले शोधपत्र लेखनको कार्यलाई जटिल बनायो । त्यतिमात्रै होइन सुपरभाइजरको समय लिन र आफूले गरेका कामहरू देखाई पृष्ठपोषण लिनका लागि धेरै कष्ट भोग्नुपर्यो । एकचोटी लेखेर देखाएका भरमा नभएको र पटकपटक देखाउँदा सम्म निर्देशकले काटिराखेको अनुभवले त झण्डै थेसिस लेख्न छाडेको । तर निर्देशकले फेरि हौसला दिएका कारण बल्लबल्ल शोधपत्र लेखेर सकेको अचम्मको अनुभव पाइयो ।
>
> (सबै सूचकको शोधपत्र लेखनका चुनौतीको थिम)

माथि प्रस्तुत तथ्याङ्कले शोधपत्र लेख्दा शोधार्थीले भोगेका चुनौतीलाई प्रस्तुत गरेको छ । वयस्क सिकाइको सिद्धान्तअनुसार वयस्क अवस्थाको सिकारु चुनौतीको सामना गर्न आँट गर्दछ, बरु समन्वय गर्छ र चुनौतीको सामना गरेर नै छाड्छ । यस तथ्याङ्कमा सूचकले दिएको प्रतिक्रिया हेर्दा सूचकले धेरै चुनौती भोगेको छ तर हार नमानी, आफ्नो अठोटलाई ताजा राखी अन्ततः कार्य सम्पन्न गरेको पाइएको छ । वयस्क सिकाइमा अप्ठेरो परेका बेला अरुको सहयोग लिइन्छ । यस तथ्याङ्कको सूचकले पनि सुपरभाइजरको हौसलाका कारण काम गर्न जाँगर चलेको र पटकपटकको संशोधन र परिष्कारपछि शोधपत्र लेखनको कार्य सम्पन्न गरेको पाइएको छ । सुपरभाइजरलाई भेट्ने र लेखाइको परीक्षण तथा मूल्याङ्कन गराउने कार्यमा धेरै चुनौती खेप्नुपरेको अवस्था देखिएको छ । धेरै चुनौतीका बिचमा पनि लेख्न वा आफ्नो कार्य गर्न नछोडेको अवस्था वयस्क सिकारुका लागि महत्त्वपूर्ण अवस्था हो । पटकपटकको लेखाइ र संशोधन हुनु प्राज्ञिक लेखनको अभ्यास हो, तसर्थ सूचकले प्राज्ञिक लेखनको अभ्यास गरेका कारणले शोधपत्र लेखनको कार्य विशेष अनुभवका रूपमा ग्रहण गर्दै सम्पन्न गरेको छ ।

विद्यार्थीहरूको अनुभवले के देखाउँछ भने स्नातकोत्तर तहको शोधपत्र लेखन प्रकिया अलिकति अप्ठेरो र प्रक्रियाउन्मुख छ । प्रस्ट मार्गदर्शनको अभ्यास नभएकाले विद्यार्थीहरू यस कार्यबाट निरुत्साहित छन् । कक्षाकोठामा शोधपत्रको अभ्यास नहुनु, औपचारिकतामा सीमित राख्नु तथा सुपरभाइजरको उपलब्धतामा कमी हुनु जस्ता समस्या भोगेको देखिएकाले शोधपत्र लेखनको अभ्यास कक्षादेखि नै प्राज्ञिक प्रकृतिको हुनुपर्ने आवश्यकता देखिएको छ ।

## शैक्षणिक उपयोगिता

स्नातकोत्तर तहका विद्यार्थीको शोधपत्र लेखनको यस अध्ययनले प्राज्ञिक लेखन तथा कार्यक्रममा गरिनुपर्ने कार्यका बारेमा सुझाव दिएको छ । शोधपत्र लेखन भनेको प्राज्ञिक लेखनको एक अभ्यास हो, उक्त अभ्यासले विद्यार्थीको शैक्षिक तथा प्राज्ञिक व्यक्तित्वलाई निखार्न मदत गर्छ । विद्यार्थीहरूलाई स्नातकोत्तरका अन्य सेमेस्टरमा पनि अनुसन्धानात्मक ढाँचाका लेखनमा अभ्यास गराउने तथा लेखनका हरेक स्वरूपमा प्राज्ञिकता हुनुपर्ने कुरामा यस अध्ययनले निर्देश गरेको छ । शोधपत्र लेखनका क्रममा भोगेका अनुभवले तथा अनुसन्धानात्मक लेखनले लेखनको अभ्यासलाई परिपक्व बनाई अभिव्यक्ति कौशल नै प्रौढ तथा परिष्कृत बन्ने भएकाले यसको अभ्यासमा जोड गर्नुपर्छ ।

यस अध्ययनको अर्को उपयोगिता भनेको विद्यार्थीले हरेक लेखन अभ्यासलाई स्तरीय बनाउनका लागि औपचारिक लेखनको अभ्यासका कार्यक्रम बनाउनुपर्छ । शिक्षाशास्त्र सङ्कायमात्र होइन अन्य सङ्कायका विद्यार्थीका लागि पनि अनुसन्धानमूलक लेखन अभ्यास स्नातकदेखि नै गर्न गराउन पाए यस प्राज्ञिक प्रकृतिको लेखनमा विद्यार्थी तथा विश्वविद्यालयलाई नै सहयोग पुग्ने देखिएको छ । साथै शोधमूलक शब्द चयन, वाक्य विन्यास, लेखन संरचना तथा समग्र लेखनको ढाँचाका लागि यसप्रकारको अध्ययनबाट सहयोग पुग्छ । भाषा शिक्षाका विद्यार्थी, शिक्षक, पाठ्यक्रम

निर्माता तथा क्याम्पस स्वयम्लाई अनुसन्धानमूलक लेखनलाई केन्द्रमा राखेमा विद्यार्थीको स्तरीय वा प्राज्ञिक लेखन प्रक्रिया मौलिक, स्वाभाविक तथा व्यवस्थित बन्न सक्तछ । शोधलाई शिक्षण क्रियाकलापमा राख्नुपर्छ र मात्रै यसले व्यवस्थित रूपमा अभ्यास हुने मौका पाउँछ भन्ने अनुभव प्रस्तुत अध्ययनबाट पाइएको छ ।

## निष्कर्ष

माथि छलफल गरिएको शोधलेखनको घटनापरक अध्ययनमा स्नातकोत्तर विद्यार्थीको विशेष अनुभवलाई प्रस्तुत गरिएको छ । उक्त अध्ययनमा विद्याथीहरूले शोध जस्ता प्राज्ञिक लेखनको अभ्यास गर्ने क्रममा विभिन्न किसिमका अनुभवहरू गर्नेगरेको पाइएको छ । शोधपत्र लेखनको अभ्यास स्नातकोत्तर चौथो सेमेस्टरमा गरिन्छ । यद्यपि फेनोमेनोलोजिकल अध्ययन भएकाले यस अध्ययनले शोधपत्र लेखनमा विद्यार्थीले भोगेका तथा सामना गरेका मुद्दालाई उठाएको हो । शैक्षणिक कार्यकलापविना एक्कासी जस्तो शोधप्रस्ताव तथा शोधपत्र लेखनको अभ्यास गर्दा विद्यार्थीलाई कुइराको काग बनाएको अनुभवले शैक्षणिक अभ्यासलाई प्रस्तुत गरेको छ । शोधपत्र लेखनलाई कक्षाकोठाको अभ्यासका रूपमा ल्याउने अवस्था भएमा मात्र यसले स्वाभाविक प्रक्रिया पाउँछ । यसलाई कक्षाकोठाको तथा व्यवस्थित शैक्षणिक कार्यक्रमका रूपमा लिई हरेक विद्यार्थीलाई प्राज्ञिक लेखनमा अभ्यस्त बनाएर मौलिक लेखनमा जोड दिनुपर्छ । यस अध्ययनमा शोधपत्र लेखनमा विद्यार्थी तथा सुपरभाइजर र क्याम्पससमेत जिम्मेवार नबनेका कारण विद्यार्थीले आफैँ लेख्ने बाटो तय गरेको र उक्त मार्गबाट विद्यार्थीले अत्यन्तै कठिनाइ भोग्नुपरेको अवस्थालाई प्रस्तुत गरिएको छ । विद्यार्थीको अनुभवमा आधारित अध्ययन भएकाले तथा प्राज्ञिक लेखनको अभ्यास बीए तेस्रो वर्षदेखि नै अनुसन्धान विधिमा गरिने एवम् स्नातकोत्तर तह पहिलो सेमेस्टरदेखि प्राज्ञिक लेखनको अभ्यास हुने भएकाले जति सहज हुनुपर्ने हो, बिल्कुल त्यस्तो नदेखिएकाले यससम्बन्धी पूर्वापर सम्बन्ध हुनुपर्छ भन्ने देखिएको छ । पाठ्यक्रमले तोकिदिएका कार्यक्रम गरेमा यस अध्ययनका विद्यार्थीले जस्तो कठिनाइ भोग्नुपर्दैन भन्ने निष्कर्ष पाइएको छ । अन्तिममा माथि प्राप्त भएका निष्कर्षअनुरूप शोधपत्र जस्ता प्राज्ञिक लेखनको अभ्यास पाठ्यक्रममले निर्धारण गरेको र स्नातक तहदेखि नै एवम् स्नातकोत्तरका हरेक सेमेस्टरमा जिम्मेवारीका साथ अभ्यास गरी विद्यार्थीको लेखाइलाई स्तरीय तथा वैज्ञानिक बनाउनुपर्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* (पाँ.संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण* (नवौँ.संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण,* साझा प्रकाशन ।

अनान, डेभिड (सन् २०१९), *अ गाइड टु रिसर्च राइटिङ्,* (researchgate.net) ISBN: 9781099092008.

किर्जनर, जि. लाउरी र मन्डल, आर.स्टेफन (सन् २०१२), *प्याटर्न फर कलेज राइटिङ्* (बाह्रौँ संस्क), बेडफोर्ड सेन्ट मार्टिन्स् ।

केन, एस. थोमस (सन् २०००), *दि अक्स्फोर्ड इसेन्सियल गाइड टु राइटिङ्,* अक्स्फोर्ड युनिभर्सिटी प्रेस ।

कोहन, लुइस, मनियन, लउरेन्ज र मोरिसन, कैथ (सन् २००७), *रिसर्च मेथोड्स् इन एजुकेसन* (छैटौँ संस्क.), रौटलेट टैलर एन्ड फ्रान्सिस ग्रुप, लन्डन ।

कोफिन, कर्लिन र अन्य (सन् २००३), *टिचिङ एकाडेमिक राइटिङ्,* लन्डन प्रेस एन्ड पब्लिसर्स ।

क्रस, के.पि. (सन् १९८१), *एडल्ट्स् एज लर्नर्स : इन्क्रिजिङ् पार्टिसिपेसन एन्ड फेसिलिटेटिङ् लर्निङ्,* जोसी बास ।

क्रसवेल, जोन डब्लु (सन् २००९), *रिसर्च डिजाइन : क्वालिटेटिभ, क्यान्टिटेटिभ एन्ड मिक्स्ड अप्रोजेज* (तेस्रो संस्क.), सेज प्रकाशन ।

ग्रिन, स्टुआर्ट र लिडिन्स्की, अप्रिल (सन् २०१६), *फ्रम इन्कायरी टु एकाडेमिक राइटिङ्* (तेस्रो संस्क.), बेडफोर्ड र सेन्टफर्टिनन्स् ।

जोन्सन, स्टेन (सन् २००६), *अन एकाडेमिक राइटिङ्,* युरोपियन बिजिनेस रिभिउ, ज्ञड९ट०रूद्धठढ(द्धढण् मइक्ष्स् ज्ञण्।ज्ञज्ञण्डरण्ढछछछघद्धण्टज्ञण्ठज्ञज्ञज्ञण्द्द

जोन्सन पि.,एन्ड्रेउ (सन् २०१६), *एकाडेमिक राइटिङ् प्रसेस एन्ड प्रडक्ट,* रौमेन एन्ड लिटलफिल्ड पब्लिसर्स ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्यसिद्धान्तः शोध तथा सृजनविधि,* पाठ्यसामग्री पसल, घण्टाघर ।

नलेस्, एम. (सन् १९७५), *सेल्फ डिरेक्टेड लर्निङ :अ गाइड फर लर्नर्स एन्ड टिचर्स,* फोलेट पब्लिसिङ कम्पनी ।

नलेस्, एम. र अरू (सन् १९८४), *एन्ड्रालोजी इन एक्सन :अप्लाइङ मोडर्न प्रिन्सिपल्स् अफ एडल्ट लर्निङ,* जासी बास ।

पब्लिकेसन म्यानुअल अफ दि अमेरिकन साइकोलजिकल एसोसिएसन (सातौँ संस्क.),(सन् २०२०), अमेरिकन साइकोलजिकल एसोसिएसन, वासिङ्टन डि.सि.।

बन्धु, चूडामणि (२०७५), *अनुसन्धान तथा प्रतिवेदन लेखन* (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार ।

बाले, स्टेफेन (सन् २०११), *एकाडेमिक राइटिङ :ए हेन्डबुक फर इन्टरनेसनल स्टुडेन्ट्स,* लन्डन प्रेस एन्ड पब्लिसर्स ।

बिगम, जोन (सन् २००८), *सक्सेडिंग विथ योर मास्टर्स डेजर्टेसन,* ओपन यूनिभर्सिटी प्रेस.

ब्राउन, भर्जिनिया र क्लार्क, भिक्टोरिया (सन् २००६), *थिमेटिक एनालिसिस,* द युनिभर्सिटी अफ अकलेन्ड एन्ड युनिभर्सिटी अफ वेस्ट इन्लैन्ड ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७६), *व्यावहारिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

भौगन, लेविस (सन् २००६), *राइटिङ फिलोसफी,* न्यूयोर्क अक्स्फोर्ड युनिभर्सिटी प्रेस ।

मर्फी, पौल (सन् २०२३), *एकाडेमिक राइटिङ; मास्टरिङ साइटेसन एन्ड रिफरेन्सिङ,* सेरलक क्लोज, क्याम्ब्रिज, यूके ।

मुरे, रोवेना र मोर सराह (सन् २००६), *दि हेन्डबुक अफ एकाडेमिक राइटिङ अ फ्रेस अप्रोज,* ओपेन युनिभर्सिटी प्रेस ।

रोय, सि.स्टेफेन र डेन अउडेन, एच.पमेला (सन् २०१५), *डिजाइन्स् फर डिसिप्लिन्स् अ गाइड टु एकाडेमिक राइटिङ,* क्यानाडियन स्कोलर्स प्रेस ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७७), *प्राज्ञिक तथा सिर्जनात्मक लेखन र सम्पादन,* सनलाइट पब्लिकेसन ।

लेकी, इरोना (सन् १९९८), *एकाडेमिक राइटिङ एक्प्लोरिङ प्रसेस एन्ड स्ट्राटेजिज* (दोस्रो, संस्क.),क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

वालवर्क, एड्रिन (सन् २०११), *इङ्लिस फः राइटिङ रिसर्च पेपर्स,* स्प्रिङ्गर न्यूयोर्क ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

हार्टली, जेम्स् (सन् २००८), *एकाडेमिक राइटिङ एन्ड पब्लिसिङ,* रुटलेज टेलर एन्ड फ्रान्सिस् ।

हार्मर, जेरेमी (सन् २००३), *द प्राक्टिस अफ इङ्लिस लैन्गवैज टिचिङ* (तेस्रो संस्क.), पियर्सन एजुकेसन लिमिटेड ।

हेड, के.आयन्ड टैलर, पि. (सन् १९९७), *रिडिङ्स् इन टिचर डेभलपमेन्ट,* अक्स्फर्ड हैलमैन ।